


म्याङलुङ्ग नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
म्याङलुङ्ग, तेह्रथुम
स्थापित २०७३

फोन नं. ०२६६९०१३५

पत्र संख्या :०७४/७५
च. नं. : - ६५५

मिति:२०७४/११/२२

**विषय : निवेदन संकलन गरी पठाउने बारे ।**

श्री वडा समितिको कार्यालय,
सबै वडा कार्यालयहरु
म्याङलुङ्ग नगरपालिका ।

प्रस्तुत विषयमा म्याङलुङ्ग नगरपालिकाको चालु आ.ब. २०७४/०७५ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्लाष्टिक पोखरी निर्माण, प्लाष्टिक टनेल निमार्ण र ५०% अनुदानमा हाते ट्याक्टर उपलब्ध गराउने कार्यक्रम संचालन गर्न सुचनाको प्रतिलिपि र निवेदन माग फारमको ढाँचा अनुसुची १, २ र ३ यसै पत्र साथ संलग्न गरिएको छ । साथै संलग्न सुचना टाँस गरी सूचना बमोजिम ताहाँ वडा कार्यालयमा लाभग्राहिहरुको निवेदन संकलन गरी मिति २०७४/१२/१२ गते भित्र यस कार्यालयमा उपलब्ध गराई दिनुहुन अनुरोध छ ।

..............
विदुर प्रसाद खनाल

फोन नं. ०२६४६०१३५

म्याङलुङ्ग नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
म्याङलुङ्ग, तेह्रथुम
स्थापित २०७३

पत्र संख्या :०७४।७५
च नं. :-

मिति:२०७४।११।२२

विषय :- **प्लाष्टिक पोखरी निर्माण, प्लाष्टिक टनेल निर्माण र ५०% अनुदानमा हाते ट्र्याक्टर उपलब्ध गराउने सम्बन्धी निवेदन आह्वान गरिएको सूचना ।**

म्याङ्गलुङ्ग नगरपालिकाको आ.व. २०७४/०७५ को नगरसभाबाट स्वीकृत वार्षिक कृषि कार्यक्रम अन्तर्गत प्लाष्टिक पोखरी निर्माणको लागी सिंचाईको सुविधा नपुगेको क्षेत्रहरुमा कम लागतमा वर्षातको पानी संकलन र जमिनमा बगेको भल पानीका साथै घर र गोठ/गुहालीमा परेको आकाशे पानीलाई संकलन गरी कृषकहरुलाई सिंचाई सुविधा उपलब्ध गराउन प्लाष्टिक पोखरी निर्माणको लागी सिल्पोलिन प्लाष्टिक र पाईप, सामाग्री अनुदान र निर्माण कृषक स्वयमले गर्ने गरि १५ वटा, बेमौषमी तरकारी खेतीको लागी प्लाष्टिक घर निर्माणको लागी सिल्पोलिन प्लाष्टिक र नाइलन फिता सामाग्री अनुदान र निर्माण कृषक स्वयमले गर्ने गरि ५० वटा र हाते ट्याक्टर ५०% अनुदान सहयोगमा १० वटा उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्बन्धित सबैको जानकारीको लागि यो प्रथम पटकको लागि सूचना प्रकाशित गरिएको छ । व्यवसायिक खेती एवं आय आर्जनको पृष्ठभूमिमा संचालन गरिने यो कार्यक्रम कृषक/कृषक समुह/सहकारी/उपभोक्ता संस्था वा समिति मार्फत उपलब्ध गराईने भएकोले निवेदन माग फारम, वडा कार्यलयको सिफारिस र अन्य आवश्यक कागजातहरु सहित २०७४, चैत्र ९ गते भित्र सम्बन्धित वडा कार्यालयमा निवेदन दर्ता गराउनका लागि यो सूचना जारी गरिएको छ । कार्यक्रम कार्यान्वयन प्रकृया र थप केही जानकारी चाहिएमा सम्बन्धित वडा कार्यालय वा यस नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**आवश्यक कागजात**

१. निर्धारित ढाँचाको निवेदन माग फाराम
२. कृषकको नागरिकताको प्रतिलिपि
३. जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि
४. फिर्ता नहुने गरी रु १०० को राजश्व जम्मा गरेको रसिद
५. व्यवसायिक खेति गरिरहेको वडा कार्यालयको सिफारिस
६. हाते ट्याक्टरको हकमा
(क) मेशिन औजार संचालन तथा मर्मत सम्बन्धी तालिम लिएको भए प्रमाण पत्रको प्रतिलिपि
(ख) १० रोपनि जग्गाधनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपि

..........................................
विदुर प्रसाद [illegible]

अनुसूची १
प्लाष्टिक पोखरी निर्माण कार्यक्रमबाट सहयोगको लागि दिनु पर्ने निबेदन

**विषय :- प्लाष्टिक पोखरी निर्माण कार्यक्रमबाट सहयोगको लागि अनुरोध ।**

श्रीमान प्रमुखज्यू
म्याङ्गलुङ्ग नगरपालिका तेह्रथुम ।

महोदय,
प्रस्तुत विषयमा तेह्रथुम जिल्ला म्याङ्गलुङ्ग नगरपालिका वडानं........ स्थित ............................ रहेको कृषक/कृषक समुह /सहकारी/उपभोक्ता संस्था वा समितिहरुले त्यस कार्यालय वाट आ. व. २०७४/७५ मा संचालन हुने प्लाष्टिक पोखरी अनुदान कार्यक्रम सहयोग प्राप्त गर्नको लागि रु.१०० का दरले राजश्व दाखिला गरेको नगदी रसिद सहित माग भएको आवश्यक कागजात राखी पेश गरेको छु/छौ । हामीले/मैले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने कार्यविधीहरु सम्पूर्ण रुपमा बुझेको छु/छौं । नियमानुसार उपलब्ध गराईदिनु हुन अनुरोध गरेका छु/छौं ।

**निवेदक**
कृषक/कृषक समुह /सहकारी/उपभोक्ता संस्था वा समितिको :

नाम :-

हस्ताक्षर :-

मिति :

सम्पर्क नम्बर :

कृषक समुह /सहकारी/उपभोक्ता संस्था वा समिति भए छाप :

अनुसूची २
प्लाष्टिक टनेल निर्माण कार्यक्रमबाट सहयोगको लागि दिनु पर्ने निबेदन

**विषय :- प्लाष्टिक टनेल निर्माण कार्यक्रमबाट सहयोगको लागि अनुरोध ।**

श्रीमान प्रमुखज्यू
म्याङ्गलुङ्ग नगरपालिका तेह्रथुम ।

महोदय,
प्रस्तुत विषयमा तेह्रथुम जिल्ला म्याङ्गलुङ्ग नगरपालिका वडानं........ स्थित ............................ रहेको कृषक/कृषक समुह /सहकारी/उपभोक्ता संस्था वा समितिहरुले त्यस कार्यालय वाट आ. व. २०७४/७५ मा संचालन हुने प्लाष्टिक टनेल अनुदान कार्यक्रम सहयोग प्राप्त गर्नको लागि रु.१०० का दरले राजश्व दाखिला गरेको नगदि रसिद सहित माग भएको आवश्यक कागजात राखी पेश गरेको छु/छौ । हामीले/मैले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने कार्यविधीहरु सम्पूर्ण रुपमा बुझेको छु/छौं । नियमानुसार उपलब्ध गराईदिनु हुन अनुरोध गरेका छु/छौं ।

**निवेदक**

कृषक/कृषक समुह /सहकारी/उपभोक्ता संस्था वा समितिको :

नाम :-

हस्ताक्षर :-

मिति :

सम्पर्क नम्बर :

कृषक समुह /सहकारी/उपभोक्ता संस्था वा समिति भए छाप :

अनुसूची ३
५०% अनुदानमा हाते ट्रयाक्टर उपलब्ध गराउनको लागि दिनु पर्ने निबेदन

**विषय :- ५०% अनुदानमा हाते ट्रयाक्टर उपलब्ध गराउनको लागि अनुरोध ।**

श्रीमान प्रमुखज्यू
म्याङ्गलुङ्ग नगरपालिका तेह्रथुम ।

महोदय,
प्रस्तुत विषयमा तेह्रथुम जिल्ला म्याङ्गलुङ्ग नगरपालिका वडानं........ स्थित ............................ रहेको कृषक/कृषक समुह /सहकारी/उपभोक्ता संस्था वा समितिहरुलाई त्यस कार्यालय वाट आ. व. २०७४/७५ मा संचालन हुने ५०% अनुदानमा हाते ट्रयाक्टर उपलब्ध गराउनको लागि रु.१०० का दरले राजश्व दाखिला गरेको नगदी रसिद सहित माग भएको आवश्यक कागजात राखी पेश गरेको छु/छौ । हामीले/मैले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने कार्यविधीहरु सम्पूर्ण रुपमा बुझेको छु/छौं । नियमानुसार उपलब्ध गराईदिनु हुन अनुरोध गरेका छु/छौं ।

**निवेदक**

कृषक/कृषक समुह /सहकारी/उपभोक्ता संस्था वा समितिको :

नाम :-

हस्ताक्षर :-

मिति :

सम्पर्क नम्बर :

कृषक समुह /सहकारी/उपभोक्ता संस्था वा समिति भए छाप :